# नेपाली अखबारका पाठहरूको सङ्कथन विश्लेषण

दुबि नन्द ढकाल

**परिचय**

प्रस्तुत लेखमा नेपाली अखबारहरूमा प्रकाशित समाचार (news story) हरूका दुईओटा पक्षको विश्लेषण गरिएको छ ।[१] पहिलो, बेल (सन् १९९१) र भ्यान डिक (सन् १९८८ए र सन् १९८८बी) का सञ्चारसम्बन्धी अवधारणाअनुसार अखबारमा प्रकाशित पाठहरूलाई तिनका संरचनागत विशेषताहरूका आधारमा कथा, कविता, नाटक जस्ता साहित्यिक विधाहरू जस्तै एक स्वतन्त्र सङ्कथन (discourse) का रूपमा चर्चा गरिएको छ । दोस्रो, यी पाठहरूका केही भाषावैज्ञानिक विशेषताहरूको चर्चा गरिएको छ । समाचारहरू भिन्नै किसिमले लेखिन्छन् र यिनका मौलिक विशेषताहरू हुन्छन् भन्ने मान्यतामा यो लेख आधारित छ ।

नेपाली व्याकरण परम्परामा सङ्कथन विश्लेषणको चर्चा गरिए पनि नेपाली अखबारमा प्रयोग भएको भाषाको सङ्कथन विश्लेषण शैशव अवस्थामा नै छ । यसैले यस अध्ययनमा अखबारको भाषा र यसको सङ्कथन विश्लेषणलाई मुख्य विषय बनाइएको छ । सञ्चारको भाषालाई भाषाविज्ञानको दृष्टिकोणबाट विश्लेषण

[१] यो लेख मार्टिन चौतारी मिडिया फेलोसीप (२००८) मा लेखकले तयार गरेको अनुसन्धान प्रतिवेदन ढकाल (सन् २००८) मा आधारित छ ।

गर्न खोजिएकोले यस लेखले यी दुई फरक-फरक क्षेत्रलाई एक स्थानमा राखेर अध्ययन गर्ने प्रयास गरेको छ ।

## विधि

यस लेखमा नेपाली भाषाका अखबारहरू *कान्तिपुर* दैनिक र *अन्नपूर्ण पोष्ट* दैनिकमा प्रकाशित पाठहरूलाई लिइएको छ । २०६५ भदौमा प्रकाशित अधिकांश पाठहरूमध्ये पनि समाचारलाई यस अध्ययनका निम्ति नमुना छनोट गरिएको छ । बेल (सन् १९९१ : १२) ले सञ्चार अध्ययनका लागि नमुना छनोट गर्दा निम्नलिखित तीन विधि उपयोगी हुने बताएका छन्– (१) खबर, विज्ञापन, सम्पादकीयजस्ता फरक-फरक विधाहरूको अध्ययन; (२) खबर प्रसारण गर्ने विभिन्न माध्यम, जस्तै रेडियो, टेलिभिजन, प्रकाशनको अध्ययन; (३) कुनै घटना विशेषलाई समेटिएको समाचार, विज्ञापन आदिको अध्ययन । यस लेखमा समाचारलाई तथ्याङ्क सङ्कलनको माध्यम बनाइएको छ ।[२]

## सङ्कथन विश्लेषण

क्रिस्टल (सन् १९८५ : १४१) का अनुसार सङ्कथन भनेको भाषामा निरन्तर रूपमा प्रयोग भएको वाक्यभन्दा ठूलो एकाइ हो । भाषाविज्ञानमा प्रयोग हुने सङ्कथन विश्लेषणका एकाइहरूमा रूपिम, शब्द, पदावली, वाक्य र अनुच्छेद पर्दछन् । त्यसै गरी ग्राइम्स (सन् १९७५ : १२५) वाक्य र अनुच्छेद र समग्र पाठबाट सङ्कथन बन्ने बताउँछन् । यसकारण सङ्कथन विश्लेषण भाषाका यी विभिन्न एकाइहरूको अध्ययनबाट गर्न सकिन्छ । सामान्यत: भाषाको अध्ययनलाई यसका विभिन्न तहमा विभाजन गर्न सकिन्छ: वर्णविज्ञान (phonology), व्याकरण (grammar), अर्थविज्ञान (semantics), प्रकरणविज्ञान (pragmatics), र समाजभाषाविज्ञान (sociolinguistics) आदि । सङ्कथन विश्लेषणको सम्बन्ध भाषाका यी सबै एकाइहरूसँग रहेको हुन्छ तर मूलरूपमा यसको सम्बन्ध समाजभाषाविज्ञान र प्रकरणविज्ञानसँग रहेको हुन्छ ।

पाठ भाषाविज्ञान (text linguistics), सङ्कथन अध्ययन, वार्तालापको अध्ययनजस्ता विषयहरू अझै पनि नेपाली भाषा अध्ययनका नयाँ विषयहरू हुन् । सङ्कथन विश्लेषणमा वार्तालापलाई अत्यन्तै महत्त्व दिइन्छ । यसमा प्रयोग हुने स्वाभाविक भाषा औपचारिक लेख्य भाषामा पाइँदैन । नेपाली अखबारहरूमा

[२] यस लेखका लागि लिइएका पाठहरू सम्बन्धित पत्रिकाका मुख पृष्ठमा प्रकाशित छन् ।

प्रकाशित सामग्रीबाट लिइएका नमुना पाठहरूमा नेपाली वार्तालापमा प्रयोग हुने विभिन्न तत्त्वका विशेषताहरू देखिँदैनन् ।

सामान्यतः सङ्कथनलाई भाषाको उच्चतम एकाइका रूपमा मानिन्छ । जसरी ध्वनिहरूको संयोगबाट शब्दको निर्माण हुन्छ, शब्दहरूबाट पदावली, पदावलीहरूबाट वाक्य, वाक्यहरूको संयोगबाट अनुच्छेद बन्दछ, त्यसै गरी भाषाको उच्चतम एकाइ सङ्कथन हो । सङ्कथनले कुनै पाठको समग्र संरचना र यसको अभिप्रायलाई जनाउँछ । अखबारमा प्रयोग हुने भाषाको अध्ययनमा वर्णविज्ञानको अध्ययन हुन नसके पनि अन्य एकाइहरू समावेश हुन सक्छन् । हुन त वर्णविज्ञानलाई पनि छापिने सञ्चारमा कुनै न कुनै रूपले देखाउन सकिन्छ तर बोलिने भाषा र छापिने भाषाका केही अन्तरहरू अवश्य हुन्छन् । अखबारको भाषा-प्रयोगको चर्चा गर्दा यसको सामाजिक र राजनीतिक परिवेश बुझ्नु आवश्यक हुन्छ ।

## भाषा र सञ्चार

मे (सन् १९९३ : २९७) ले भाषाप्रति अभिरुचि राख्ने अनुसन्धाताका लागि सञ्चारको भाषा अनुसन्धानका निम्ति चाखलाग्दो विषय हुने बताएका छन् । त्यसै गरी बेल (सन् १९९१ : ३-४) सञ्चारको भाषा समाजमा धेरै प्रयोग हुने बताउँछन् । सञ्चारमा प्रयोग गरिने भाषा विभिन्न खबरहरू प्रवाह गर्ने माध्यम पनि हो । सञ्चारको भाषा भाषाका अन्य रूपहरू जस्तै टेलिफोन वार्तालाप, नानीहरूको कुराकानी; बहस आदि भन्दा सङ्कलन गर्न सजिलो हुन्छ ।

वर्तमान समयमा नेपालमा अखबारमा प्रयोग गरिने भाषाको धेरै महत्त्व छ । नेपालमा २०४६ सालपछि विकास भएको एउटा क्षेत्र सञ्चार हो। नेपालका अधिकांश सहर र गाउँहरूमा समेत एफएम स्टेसनको पहुँच छ। यी रेडियो स्टेसनमार्फत नेपाली जनताले प्रत्येक दिन अखबारमा प्रकाशित खबरहरू सुन्न पाउँछन् । यसरी प्रत्येक दिन देशका गाउँपाखादेखि सहरसम्म पुग्ने खबर र तिनले श्रोतालाई पार्ने प्रभावका बारेमा अध्ययन हुनु सान्दर्भिक छ। नेपाली अखबारमा प्रकाशित समाचारलाई रेडियो स्टेसनहरूले महत्त्वका साथ प्रसारित गर्दछन्। यसकारण समाचारलाई छुट्टै विधाको रूपमा अध्ययन गरिनु उपयुक्त हुन्छ ।

## समाचार विधाको रूपमा (News story as a genre)

साहित्यमा स्थापित विभिन्न विधाहरूजस्तै अखबारका विभिन्न खण्ड (घटक) हरूका आफ्नै खालका संरचना हुन्छन् । सम्पादकीयको आफ्नै विशेषता हुन्छ भने सम्पादकलाई चिठी छुट्टै किसिमले लेखिन्छ । त्यस्तै, अखबारमा प्रकाशित हुने

मुख्य खबर अथवा समाचारहरूको पनि आफ्नै खालको संरचना हुन्छ। यसैले सञ्चार अध्ययनमा समाचारलाई छुट्टै विधाको रूपमा लिन सकिन्छ। यस सन्दर्भमा बेल (सन् १९९१) को भनाइ सान्दर्भिक छ। उनी लेख्छन्, "कथाको आफ्नो संरचना, गन्तव्य, विषय र दृष्टिकोण हुन्छ।" अखबारका लेखहरूमा यी तत्त्वहरूको अभाव हुन्छ। कथाहरूका विभिन्न रूप हुन्छन् र तिनीहरू विभिन्न संस्कृतिमा विभिन्न रूपमा आउँछन्।

नेपाली लोककथाहरू जसरी "एकादेशमा एकजना राजा थिए" जस्ता वाक्यबाट सुरु हुन्छन्, त्यसै गरी समाचारहरूको आफ्नै खालको संरचना हुन्छ। जस्तै, "पूर्वराजा ज्ञानेन्द्र बुधवार साँझ साढे आठबजे नारायणहिटी दरबार छोडेर पत्नी कोमलका साथ नागार्जुन बंगलामा सरेका छन्" (अन्नपूर्ण पोष्ट २०६५क)। अथवा "उपराष्ट्रपति परमानन्द झाको निवासमा भएको विष्फोटमा संलग्न पाँचजनालाई प्रहरीले सार्वजनिक गरेको छ" (अन्नपूर्ण पोष्ट २०६५ख)। समाचारको भाषामा, यी उदाहरणहरूमा जस्तै, समाचारको सारलाई सुरुमा प्रस्तुत गर्ने गरिन्छ।

कथाहरूको संरचना, प्रस्तुतिको तरिका, प्रयोग हुने भाषा आदिमा समानता पाइन्छ। हामीले ती पाठहरूलाई अङ्ग्रेजी भाषामा प्रकाशित पाठहरूसँग तुलना गरी हेऱ्यौं भने दुवैको भाषामा थुप्रै भिन्नताहरू पाउन सकिन्छ। त्यसकारण पनि नेपाली भाषामा प्रकाशित समाचारलाई छुट्टै विधाको रूपमा लिन सकिन्छ। यसको भाषागत संरचनाको अध्ययन सञ्चारमा चासो राख्ने व्यक्ति वा भाषाशास्त्रीका लागि शोधको विषय बन्न सक्छ। यो विषयलाई यसका विशेषताहरू, यसले सञ्चार गर्ने विषयवस्तु र यसको यथार्थका आधारमा व्याख्या र विश्लेषण गर्न सकिन्छ।

## समाचारको संरचना

भ्यान डिक (सन् १९८८ए) ले खबरहरूको सङ्कथन विश्लेषण गर्ने तरिकाको विस्तृत खाका प्रस्तुत गरेका छन्। समाचारका विभिन्न खण्डहरू हुन्छन् भन्दै तिनलाई कसरी व्यवस्थित गरिन्छ भन्ने विश्लेषण उनले गरेका छन्। ती भागहरूलाई वृक्षरेखामा तस्बिर १ मा प्रस्तुत गरिएको छ। भ्यान डिकका अनुसार पृष्ठभूमि, लिड जस्ता खण्डहरू पत्रकारहरूले खबरलाई व्यवस्थित गर्न प्रयोग गर्दछन्। समाचारको संरचनाको यो अवधारणालाई बेल (सन् १९९१ : १६३) ले यसरी प्रस्तुत गरेका छन् :

> समाचारको संरचना भनेको समाचारको वाक्य संरचना (Syntax) हो। यी तत्त्वहरू र तिनीहरूको संरचना खबर लेख्नेले र पढ्नेले सचेत नभइकन नै बुझ्ने गर्दछन्। आफ्ना

> समाचारलाई व्यवस्थित पार्न खबर लेख्नेले पृष्ठभूमि र लिड लेख्छन् । शीर्षक जस्ता अन्य भागको संरचना पनि श्रोतालाई थाहा हुन्छ । कथा र समाचारजस्ता फरक विधाका फरक-फरक संरचना हुन्छन् । फरक-फरक संस्कृति बोकेका भाषामा कथा भन्ने तरिका पनि अलग-अलग हुन्छन् ।

कथामा एक वा एकभन्दा बढी घटना हुन्छन् । तिनका अरू केही विवरण हुन्छन् । ती घटनासँग सम्बन्धित पात्रहरू पनि हुन्छन् । घटनाको विगत हुन्छ, कारण र परिणामहरू हुन्छन् । ती सबैलाई कथामा समावेश गरिनु पर्दछ । पाठको समग्र अर्थ हुन्छ जसलाई बृहत् संरचना (macro structure) भनिन्छ जसले पाठको समग्र अर्थ निर्धारण गर्न मद्दत पुऱ्याउँछ । खबरमा घटनाहरूलाई कसरी प्रस्तुत गर्ने भन्ने आफ्नै सिद्धान्तहरू हुन्छन् ।

## समाचार र अन्य कथाहरू

बेल (सन् १९९१ : १४८) ले समाचार र अन्य कथाहरूका कतिपय तत्त्वमा केही समानता हुने बताएका छन् । साहित्यमा स्थापित विभिन्न विधाहरूजस्तै अखबारका विभिन्न घटकका आफ्नै खालका संरचना हुन्छन् । जस्तै, कुनै घटना हुन्छ, त्यसका पात्रहरू हुन्छन्; घटनाको आफ्नै स्थानीयपन हुन्छ । ती घटनाहरूको विषयवस्तु, वातावरण, कथानक र सम्पूर्ण संरचना हुन्छ । परम्परागत कथाहरूमा कथाको विकास कालक्रमअनुसार हुने गर्दछ । केही आधुनिक कथा अथवा उपन्यासहरूमा कालक्रमअनुसार कथा भन्ने प्रचलन पाइँदैन ।

माथिका अधिकांश तत्त्वहरू समाचारमा पनि पाइन्छन् तर प्रस्तुतीकरणमा केही फरक तरिका हुन्छन् । जस्तै समाचारमा सुरुमै समाचारको निष्कर्ष र सारांश दिइन्छ तर कथा वा उपन्यासको मुख्य कथ्य पाठकले अन्त्यमा मात्र महसुस गर्दछन् । दैनिक अखबारहरूले एक दिनका घटनाहरूलाई सङ्क्षेपमा प्रस्तुत गर्ने हुनाले तिनको सान्दर्भिकतामा पनि फरक पाइन्छ । त्यसलाई पाठक वा श्रोताले बुझ्ने गरी आवश्यक सूचनासहित प्रस्तुत गर्ने गरिन्छ ।

जसरी कथामा भूमिकाले प्रारम्भिक अवस्थाको व्याख्या गर्दछ, त्यसै गरी समाचारमा लिडले मुख्य घटनाका बारेमा प्रकाश पार्दछ । समाचारमा शीर्षक पनि हुने भएकाले त्यसको विषयवस्तुका बारेमा पाठक वा श्रोताले सजिलै थाहा पाउन सक्छन् । समाचारमा को, के, कहाँ, कहिले, किन कसरी जस्ता प्रश्नहरूको उत्तर सूरुमै दिइने हुनाले कुरा बुझ्न सजिलो हुन्छ भने अन्य कथाहरूमा यस्ता प्रश्नहरूको उत्तर क्रमशः प्रस्तुत गरिन्छ । कथाको अन्त्यमा प्रमुख पात्रले युद्ध

जित्ने गर्छ, अथवा दुर्घटनामा परेका मान्छे बाँच्छन् । तर समाचारमा निष्कर्ष सुरुमै दिइन्छ र बाँकी विवरणहरू विस्तारै प्रस्तुत गरिन्छ ।

कथाको प्रस्तुति प्रथम पुरुष सर्वनामको प्रयोग गरेर अथवा तृतीय पुरुषको (प्रथम पुरुष/तृतीय पुरुष दृष्टिविन्दु) प्रयोग गरेर गरिन्छ भने समाचार प्रायःजसो तृतीय पुरुषमा लेखिन्छ । कथामा वार्तालापलाई धेरै स्थान दिइएको हुन्छ भने समाचारमा प्रत्यक्ष कथनको प्रयोग कम भएको पाइन्छ । यसरी समाचारमा कथाका केही तत्त्वहरू पाइन्छन्, यसका साथसाथै भिन्नताहरू पनि हुन्छन् ।

### *कथाको व्याकरण*

भ्यान डिक (सन् १९८८ए : ५०) र बेल (सन् १९९१) ले कथाको आफ्नै संरचना हुन्छ भनेका छन् । जसरी कुनै भाषाको व्याकरणले त्यस भाषाका नियमहरूको काम गर्दछ, त्यसै गरी कथाको व्याकरणले कथाका विभिन्न तत्त्वहरूलाई नियमित गर्ने गर्दछ । यसले कथा प्रस्तुति गर्ने विभिन्न तरिकाहरूलाई पनि देखाउँछ । यसका आधारमा कथा प्रस्तुतिका विभिन्न शैलीहरू हुन्छन् भन्न सकिन्छ ।

### *प्रतिज्ञप्ति (Proposition) र सूक्ष्म प्रतिज्ञप्ति (Microproposition)*

प्रतिज्ञप्तिहरूको आफ्नै संरचना हुन्छ । क्रिया र यसका कर्ता र कर्महरूको संयोगबाट प्रतिज्ञप्ति बन्दछ । सरल वाक्यमा एउटा मात्र प्रतिज्ञप्ति हुन्छ भने जटिल वाक्यमा प्रतिज्ञप्तिको सङ्ख्या बढी हुन्छ । 'रामबहादुर रक्षामन्त्री हुन्' भन्ने वाक्यमा एउटा मात्र प्रतिज्ञप्ति छ भने जटिल वाक्यमा यस्ता धेरै प्रतिज्ञप्तिहरू आउँछन् । यसकारण हरेक वाक्यमा वाक्यको स्वभावअनुसार प्रतिज्ञप्तिहरू हुन्छन् । जस्तै 'बसाइँ सरे ज्ञानेन्द्र' मा एउटा मात्र प्रतिज्ञप्ति छ भने 'पूर्वराजा ज्ञानेन्द्र बुधवार साँझ साढे आठ बजे नारायणहिटी दरबार छोडेर पत्नी कोमलका साथ नागार्जुन बङ्गलामा सरेका छन्' मा धेरै प्रतिज्ञप्तिहरू छन् । खबरमा घटनाका कारण, परिणाम, इतिहासजस्ता धेरैभन्दा धेरै सूचनालाई एकै स्थानमा राख्नुपर्ने हुनाले सामान्यतः एउटै वाक्यमा धेरै प्रतिज्ञप्तिहरू आउँछन् ।

वाक्यहरू सरल, मिश्र वा संयुक्त हुन्छन् । सरल वाक्यमा थोरै प्रतिज्ञप्ति हुन्छन् भने मिश्र र संयुक्त वाक्यमा वाक्यको स्वभावअनुसार धेरै प्रतिज्ञप्ति हुन्छन् । यस सम्बन्धमा भ्यान डिक (सन् १९८८ए : ३१) लेख्छन् :

> खबरका शीर्षकमा सामान्य सूची मात्र हुँदैन । तिनीहरूको सोपानको जस्तो क्रम हुन्छ । सिद्धान्ततः हामीलाई के थाहा छ भने माथिल्लो तहको सूक्ष्म प्रतिज्ञप्ति तल्लो तहको

सूक्ष्म प्रतिज्ञप्ति अथवा बृहत्प्रतिज्ञप्तिका आधारमा बनाइन्छ । यसको अर्थ बृहत्प्रतिज्ञप्ति यस मातहतका सूक्ष्म प्रतिज्ञप्तिमा आधारित हुन्छन् ।

यसको अर्थ के हो भने जसरी शब्दहरूबाट पदावली र पदावलीहरूबाट वाक्यको निर्माण हुन्छ, जसरी वाक्य-वाक्यको संयोगले अनुच्छेद बन्दछ, त्यसै गरी सूक्ष्म प्रतिज्ञप्तिहरूको संयोगबाट बृहत्प्रतिज्ञप्ति बन्दछ । हरेक सूक्ष्म प्रतिज्ञप्ति त्यसभन्दा माथिका बृहत्प्रतिज्ञप्तिको एउटा खण्ड बन्दछ । जस्तै, ऐतिहासिक घटनाक्रमहरू 'बसाइँ सरे ज्ञानेन्द्र' का सूक्ष्म प्रतिज्ञप्तिहरू हुन् । लेखकले आफ्नो लेखको अनुच्छेद परिवर्तन गर्दा अथवा समाचारको सङ्गठनको निर्माण गर्दा यी सूक्ष्म प्रतिज्ञप्ति वा बृहत्प्रतिज्ञप्तिहरूलाई व्यवस्थित पार्दछ (हेर्नुहोस् बक्स १) ।

**बक्स १**

**विवादले काँग्रेसको बैठक अवरुद्ध**

काठमाडौं, २३ भदौ
काँग्रेस संसदीय दल बैठक अध्यक्षताको विवादले अवरुद्ध भएको छ । सिंहदरबारस्थित संसदीय दल कार्यालयमा सोमबार अपराह्न सुरु बैठकमा वरिष्ठ नेता शेरबहादुर देउवा या जेष्ठ सदस्य कसले अध्यक्षता गर्ने भन्ने मतभेद आएपछि औपचारिक रूप लिन सकेन ।

आइतबारको अध्यक्षता कसैले गरेको थिएन । तर काँग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव जीवनप्रेम श्रेष्ठले आइतबार विज्ञप्ति जारी गरी बैठकको अध्यक्षता देउवाले गर्ने उल्लेख गरेका थिए । श्रेष्ठ देउवा पक्षका हुन् (कान्तिपुर २०६५क) ।

बक्स १ अनुसार *कान्तिपुर*मा सुरुमा काँग्रेस संसदीय दलको बैठक अध्यक्षताको विवादले अवरुद्ध भएको लेखिएको छ । पाठको निष्कर्ष पनि यही हो । यसकारण यो समग्र पाठको सूक्ष्म प्रतिज्ञप्ति हो । खबरका अन्य खण्डमा आउने कारण, इतिहास जस्ता जानकारी सूक्ष्म प्रतिज्ञप्ति हुन् । यसरी विभिन्न सूक्ष्म प्रतिज्ञप्तिहरूको संयोगबाट बृहत्प्रतिज्ञप्तिको निर्माण हुन्छ । प्रत्येक समाचारमा यो नियम लागू हुन्छ । यी प्रतिज्ञप्तिहरू एक्लै वा मिश्र वा संयुक्त वाक्यको रूपमा एकै ठाउँमा संयोजकहरूको प्रयोगबाट जोडिएर आउँछन् । यिनले समग्र पाठको विषयवस्तुलाई क्रमबद्ध रूपमा प्रस्तुत गर्न सहयोग गर्दछन् ।

प्रत्येक वाक्य अन्य वाक्यहरूसँग सम्बन्धित हुन्छ । कुनै पनि पाठमा प्रस्तुत सबै वाक्यहरूले समग्र पाठको संरचनामा योगदान गर्दछन् । एउटा वाक्य अर्को वाक्यसँग जस्तै एउटा अनुच्छेद अर्को अनुच्छेदसँग सम्बन्धित हुन्छ र अन्ततः सबै

वाक्य, अनुच्छेद र शीर्षकले पाठको निर्माण गर्दछन् । यसरी एउटा समाचारका सबै वाक्यहरूको पाठको निर्माणमा योगदान रहन्छ ।

### *बृहत् नियम* (Macrorule)

एउटा पाठमा एउटा मात्र प्रतिज्ञप्ति नहुन सक्छ । बरु त्यसमा थुप्रै प्रतिज्ञप्ति हुन सक्छन् । व्याकरणमा जस्तै खबरमा पनि प्रतिज्ञप्तिहरूको सोपान (hierarchy) हुन्छ । जसरी वाक्यमा एकभन्दा बढी सहायक वाक्यहरू हुन सक्छन्, त्यसै गरी वाक्यमा रहेका अन्य सहायक वाक्यहरूको संयोग नै अर्को वाक्य हो । हरेक भाषाको व्याकरणलाई निश्चित नियमहरूले सङ्गठित बनाउँछन् । नियमहरू सीमित हुन्छन् तर तिनले नियन्त्रित गर्ने व्यवस्था असीमित हुन्छ । त्यसै गरी समाचारका प्रतिज्ञप्ति वा सोपानहरूलाई नियमबद्ध गर्ने काम बृहत् नियमले गर्दछ । भ्यान डिक (सन् १९८८ए : ३२) का भनाइमा तल्लो स्तरका सूक्ष्म प्रतिज्ञप्तिहरूलाई उपल्लो स्तरका सूक्ष्म प्रतिज्ञप्तिहरूसँग जोड्ने काम बृहत् नियमले गर्दछ । जस्तै, कुनै पनि खबरको विषयवस्तुलाई सङ्क्षेपीकरण गर्ने, महत्त्वपूर्ण जानकारी लिने, यसका व्यापक विवरणलाई जोड्ने काम यही बृहत् नियमले गर्दछ । बृहत् नियमले जानकारीलाई सङ्क्षेपीकरण गर्ने काम तीन किसिमले गर्दछ ।

(क) समयसँग सम्बन्धित जानकारीलाई हटाउनु, जस्तै कुनै ठाउँ वा समयको विस्तृत विवरण हटाउनु ।
(ख) सामान्यीकरण गर्नु । कुनै पनि विवरणलाई हुबहु प्रस्तुत गर्नुको सट्टा सामान्यीकरण गरेर सङ्क्षिप्त रूपमा प्रस्तुत गर्नु ।
(ग) घटनाहरूलाई सङ्क्षिप्त रूपमा प्रयोग गर्न सकिने शब्दहरूको प्रयोग गरेर सङ्क्षेपीकरण गर्नु ।

'बसाइँ सरे ज्ञानेन्द्र' शीर्षकको पाठमा समय वा स्थानसँग सम्बन्धित धेरैजसो सूचनालाई हटाइएको छ । नारायणहिटी दरवार कहाँ पर्छ, नागार्जुन बङ्गला कहाँ पर्छ आदि जानकारी उल्लेख गरिएको छैन । त्यसै गरी केही तथ्यहरूको सामान्यीकरण गरिएको छ । त्यही उदाहरणमा उपस्थित मानिसहरू एक-एक गरेर विवरण दिनुको सट्टा सामान्यीकरण गरेर 'सर्वसाधारण' भनिएको छ ।

समाचारमा लेखकले प्रयोग गर्ने अर्को तरिकालाई पूर्वमान्यता (presupposition) भनिन्छ । समाचार लेखनमा लेखकले केही तथ्यहरूलाई

उल्लेख गर्दैन किनभने यी सूचनाहरू पाठकले सजिलै बुझ्न र अनुमान गर्न सक्दछन् । बेकालु (सन् २००६ : १६८) ले समाचार सङ्कथनमा पाठक वा श्रोताको व्यक्तिगत, ऐतिहासिक, सांस्कृतिक ज्ञानलाई पत्रकारले पूर्वानुमान गर्छ र ती सबै सूचना समाचारमा लेख्दैन भनेका छन् । जस्तै माथिको लेखमा 'नारायणहिटी' पूर्वराजाहरूको दरवार हो भन्ने कुरा पाठकले बुझ्छन् भन्ने अनुमान गरिएको छ । त्यसै गरी 'संविधानसभा', 'दरवार हत्याकाण्ड' आदिका बारेमा पाठक पहिल्यै परिचित भएको अनुमान गरिएको छ । यसरी समाचार लेखनमा प्रयोग गरिने तरिका नमुनाका लागि लिइएका पाठहरूमा समेत गरिएको छ ।

## ***समाचारको अधिरचना (Superstructure)***

कथाहरूको संरचना यसको अधिरचनाका रूपमा गर्न सकिन्छ । सङ्कथनको विश्वव्यापी संरचनालाई केही नियमहरूका आधारमा प्रस्तुत गरिन्छ । कथाको अधिरचनालाई अर्थवैज्ञानिक बृहत् संरचना (semantic macrostructure) अथवा विषयका आधारमा विश्लेषण गरिन्छ । यसको अधिरचनाको संरचना अर्थवैज्ञानिक बृहत्प्रतिज्ञप्तिका अथवा विषयका आधारमा गरिन्छ । कुनै समाचारको सम्पूर्ण खण्डलाई यिनै प्रतिज्ञप्तिका आधारमा सङ्क्षेपीकरण गर्न सकिन्छ । यसलाई भ्यान डिकले वृक्षरेखामा यसरी देखाएका छन् :




तस्बिर १ : अधिसंरचना र अन्य तत्त्वहरूको सम्बन्ध (साभार भ्यान डिक १९८८ए : ५२) ।

**बक्स २**

**बसाइँ सरे ज्ञानेन्द्र**

काठमाडौं, २९ जेठ

पूर्वराजा ज्ञानेन्द्र बुधवार साँझ साढे आठ बजे नारायणहिटी दरबार छोडेर पत्नी कोमलका साथ नागार्जुन बंगलामा सरेका छन् ।

दरबारको पश्चिम ढोकाबाट बाहिरिएका ज्ञानेन्द्र सामान्य मुद्रामा हात जोडेर नमस्कार गर्दै बिदा भएका थिए । उनीहरू बा १ झ ४६२४ नम्बरको गाडी चढेर नारायणहिटीबाट सरकारले उपलब्ध गराएको नागार्जुन बंगलातिर लागेका हुन् ।

संविधानसभाको पहिलो बैठकले दिएको निर्देशनअनुसार ज्ञानेन्द्र नारायणहिटीबाट बसाइँ सरेका हुन् ।

नारायणहिटीमै जन्मिएका तत्कालीन अधिराजकुमार ज्ञानेन्द्र २०५८ साल जेठ १९ को दरबार हत्याकाण्ड पछि जेठ २२ मा राजा भएका थिए भने त्यसको ६ महिना पछिबाट उनी नारायणहिटीमा बस्न थालेका थिए ।

दरबार स्रोतले दिएको जानकारीअनुसार नारायणहिटीबाट विदा हुँदा पूर्व रानी कोमल आँसु झार्दै निस्किएकी थिइन् ।

ज्ञानेन्द्र निस्किने बेलामा दरबारको पश्चिम ढोकामा सर्वसाधारणले उनी विरुद्ध नारा लगाएका थिए । दरबारबाट बाहिरिँदा ज्ञानेन्द्र आफैंले गाडी हाँकेका थिए भने गाडीको पछिल्लो सिटमा कोमल बसेकी थिइन् । पूर्व राजदम्पतीको दरबार बहिर्गमन हेर्न नारायणहिटीको पश्चिमढोकामा सर्वसाधारणको भीड लागेको थियो । उनीहरू गएपछि सर्वसाधारणले 'अब दरबार हाम्रै हो' लगायतका नारा लगाउँदै खुसियाली मनाएका थिए भने राजतन्त्र समर्थक केही व्यक्ति रोएको दृश्य देखिएको थियो ।

उता बुधवार साँझ नै ज्ञानेन्द्रले नागार्जुन बंगलामा पारिवारिक भोजको आयोजना गरेका छन् । भोजका लागि छोरीज्वाइँ, छोराबुहारी, भान्जाभान्जी लगायत पारिवारिक अन्य सदस्यलाई आमन्त्रण गरिएको दरबार स्रोतले जनाएको छ (अन्नपूर्ण पोष्ट २०६५क) ।

प्रतिज्ञप्तिहरू क्रिया र त्यसले समावेश गर्ने कर्ता वा कर्महरूबाट बन्ने गर्दछन् । प्रत्येक वाक्य प्रतिज्ञप्तिको अधीनस्थ हुन्छ । कर्ता र कर्मका विभिन्न भूमिका हुन सक्छन् । हामीले तल प्रस्तुत गरेको खबरमा पूर्वराजा ज्ञानेन्द्र दरबारबाट निस्कँदाको समयलाई लिइएको छ । पहिलो अनुच्छेदमा समाचारको लिड, दोस्रो उनी निस्कँदाको विवरण, तेस्रोमा संविधानसभाको निर्देशन, चौथोमा उनी राजकुमारको रूपमा जन्मिएको ऐतिहासिक विवरण, पाँचौंमा दरबार छोड्दा पूर्व रानीको प्रतिक्रिया, छैटौंमा दरबारको वरिपरि जम्मा भएका मानिसको प्रतिक्रिया र अन्तिम अनुच्छेदमा भोजको वर्णन गरिएको छ । यी प्रत्येक अनुच्छेदको सङ्क्षेपीकरणलाई प्रतिज्ञप्ति भन्न सकिन्छ भने तिनले दिने समग्र अर्थलाई

यसको अधिरचना मानिन्छ । प्रत्येक अधिसंरचना कुनै एउटा बृहत्प्रतिज्ञप्तिबाट मात्र पनि बन्न सक्दछ अथवा यस अन्तर्गत धेरै प्रतिज्ञप्तिहरू पनि हुन सक्छन् । कुनै कथा वा उपन्यासको पृष्ठभूमिलाई धेरै बृहत्प्रतिज्ञप्तिहरूमा सङ्क्षेपीकरण गर्न सकिन्छ । माथिको तालिकामा देखाइए जस्तै वाक्यहरूको संयोगबाट प्रतिज्ञप्ति र त्यसैका आधारमा अधिसंरचना बन्दछ । बृहत् संरचनाहरू अधिरचनाको अधीनस्थ हुन्छन् ।

*अन्नपूर्ण पोष्ट* दैनिकमा प्रकाशित 'बसाइँ सरे ज्ञानेन्द्र' बाट यसको उदाहरण लिऔं (हेर्नुहोस् बक्स २) । यस खबरको शीर्षकलाई अधिरचना मान्न सकिन्छ । यस अन्तर्गतका विभिन्न विषयलाई सारांशका रूपमा प्रस्तुत गर्न सकिन्छ । यसरी प्रत्येक समाचार एउटा अधिसंरचना हुन्छ । यो खबरका विभिन्न पाटाहरू छन्: (क) ज्ञानेन्द्रले नारायणहिटी छोड्नुपरेको कारण (ख) उनी गएको स्थान (ग) नारायणहिटीमा उनी बस्न थालेको सङ्क्षिप्त इतिहास (घ) पूर्व रानीको दरबार छोड्दाको प्रतिक्रिया (ङ) दरबार बाहिर भेला भएका मानिसहरूको यो घटनाप्रतिको प्रतिक्रिया आदि । यी सबै घटनाहरूलाई बृहत् संरचनामा समाहित गर्न सकिन्छ । यस्ता घटनाका खबर पढ्ने बानीका कारण पाठकहरूले समाचारको अधिसंरचना, सूक्ष्मसंरचना र प्रतिज्ञप्तिहरू सजिलै बुझ्न सक्दछन् । भ्यान डिक (सन् १९८८ए) का अनुसार पाठकहरू यी संरचनाहरूमा आफैं अभ्यस्त हुन्छन् । यिनले उनीहरूको बुझ्ने क्षमतासँग समेत सजिलै तालमेल राखेका हुन्छन् ।

## ***समाचारका केही तत्त्वहरू***

समाचारका तत्त्वका रूपमा शीर्षक, लिड, घटना, लेखकको टिप्पणी, यसका परिणामहरू र समाचारमा प्रस्तुत गरिने घटनाहरूको विवरण प्रस्तुत गर्ने तरिकाहरू पर्दछन् । यी आमसञ्चारमा प्रयोग हुने शब्द हुन् । तथापि यी तत्त्वहरूलाई यस लेखमा भाषावैज्ञानिक दृष्टिकोणबाट विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### *शीर्षक*

माथि प्रस्तुत गरिएको समाचारको शीर्षक एउटा वाक्य हो । अधिकांश नेपाली अखबारमा नाम पदावली, नामयोगी पदावली, असमापक उपवाक्य, नामीकृत क्रिया र नामहरूबाट शीर्षक राखिन्छन् । तर उदाहरणको रूपमा प्रस्तुत गरिएको उक्त समाचारमा वाक्य नै शीर्षकको रूपमा रहेको छ । यसमा प्रयोग भएको क्रिया भूतकालमा छ । यो शीर्षकले यो समाचारलाई सङ्क्षेपीकरण गर्नका साथै समाचारको अधिरचनासमेत देखाएको छ । प्रत्येक समाचारमा शीर्षकको महत्त्व

हुन्छ र यो समाचारमा पनि शीर्षकले पाठकमा घटनाको सङ्क्षेपीकरण र सम्प्रेषण गर्न सफल भएको छ । अधिकांश नेपाली अखबारमा लेखिने शीर्षकमा नाम पदावली र नामयोगी पदावलीको प्रयोग भएको पाइन्छ, जस्तै :

रक्षामन्त्री चीन जाने (कान्तिपुर २०६५ख)
बसाईं सरे ज्ञानेन्द्र (अन्नपूर्ण पोष्ट २०६५क)
पाँचजना अभियुक्त पक्राउ (अन्नपूर्ण पोष्ट २०६५ख)
कोशी पीडितका नाममा राजनीति (अन्नपूर्ण पोष्ट २०६५ग)
भूमिसुधारमन्त्री यादवकै नेतृत्वमा जग्गा कब्जा (अन्नपूर्ण पोष्ट २०६५घ)
विवादले काँग्रेस बैठक अवरुद्ध (कान्तिपुर २०६५क)
प्रहरीको कुटाईले मृत्यु (कान्तिपुर २०६५ग)
नयाँपन छैन (अन्नपूर्ण पोष्ट २०६५ङ)

यस अध्ययनका लागि छनोट गरिएका यी शीर्षकमध्ये दुई ओटा वाक्य, एउटा असमापक उपवाक्य र पाँच ओटा नाम पदावलीको प्रयोग भएका छन् । यसरी सरसर्ती हेर्दा शीर्षकमा नाम र नाम पदावलीसँग सम्बन्धित संरचनाको प्रयोग बढी भएको पाइयो । पौडेल (सन् २००७ : ६०) ले पनि नेपाली समाचारका शीर्षकमा नाम पदावलीको अधिक प्रयोग हुने तथ्य औँल्याएका छन् । उनले असमापिका क्रियाको प्रयोग, नाम पदावलीसँग विशेषणको प्रयोग, डयानियल डोर (सन् २००३ : ६९५) ले खबर सम्प्रेषण गर्नमा शीर्षकहरूको महत्त्व हुने कुरा उल्लेख गरेका छन् । उनले पाठको सामग्री प्रभावकारी किसिमले प्रस्तुत गर्न शीर्षक निकै सहयोगी हुने कुरा पुष्टि गरेका छन् । शीर्षकले पाठकलाई ती खबरहरू पढ्नका लागि सान्दर्भिक छन् कि छैनन् जस्ता सूचना प्रदान गर्दछन् । समग्रमा, नेपाली अखबारमा प्रयोग हुने शीर्षकहरू प्राय:जसो पदावली हुने गरेको पाइयो । कहिलेकाहीँ मात्र वाक्य प्रयोग भएको देखियो । भविष्यमा हुने घटनाको व्याख्या गर्नका लागि भने शीर्षकमा असमापक उपवाक्यको प्रयोग हुने गरेको पाइयो; जस्तै 'रक्षा मन्त्री चीन जाने' (कान्तिपुर २०६५ख) ।

### *लिड (lead)*

समाचारको प्रारम्भमा प्रस्तुत गरिने लिडले समाचारको सङ्क्षेपीकरण गर्दछ । यस अर्थमा यसलाई लघु समाचारका रूपमा समेत लिन सकिन्छ । नेपाली अखबारमा प्रयोग गरिने लिडहरू संयुक्त वाक्य जस्ता देखिए पनि नेपाली

अखबारमा यस्ता वाक्यहरू सरल प्रकारका हुन्छन् । केही उदाहरणहरू यसप्रकार छन् :

(१) प्रहरीले एक सर्वसाधारणलाई 'कुटीकुटी मारेको' आरोप लगाउँदै बिहिबार दिनभर प्रदर्शन गरिएपछि बालकुमारी क्षेत्र तनावग्रस्त छ । (कान्तिपुर २०६५ग)

(२) उपप्रधान तथा गृहमन्त्री वामदेव गौतमको निर्देशनमा प्रहरीले बल प्रयोग गरी आइतबार साँझ खाली गराएको रामनगर मिर्चैया-३ स्थित वीरेन्द्र साहको १६ कोठे घर र अन्य ७५ जनाको ११ बिघा जग्गा भूमिसुधार तथा व्यवस्था मन्त्री मातृका यादवको नेतृत्वमा माओवादी कार्यकर्ताले सोमबार पुनः कब्जा गरेका छन् । (अन्नपूर्ण पोष्ट २०६५घ)

(३) प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' शनिबार राति चीनको राजधानी बेइजिङ पुगेका छन् । (अन्नपूर्ण पोष्ट २०६५च)

प्रस्तुत लिडहरूमा सरल वाक्यको प्रयोग बढी भएको छ । साथै केहीमा जटिल नाम पदावलीको प्रयोग भएको देखिन्छ । यस अध्ययनका लागि लिइएका ११ ओटा पाठहरूमध्ये ४ ओटामा सरल, र ७ ओटामा मिश्र वाक्यको प्रयोग भएको छ । केहीमा जटिल नामपदको प्रयोग भएको पनि पाइयो, जस्तै :

(४) [उपप्रधान तथा गृहमन्त्री] [वामदेव गौतमको निर्देशनमा] [प्रहरीले बल प्रयोग गरी] [आइतबार साँझ] [खाली गराएका] [रामनगर मिर्चैया-३ स्थित] [वीरेन्द्र साहको] [१६ कोठे घर] र [अन्य ७५ जनाको ११ बिघा जग्गा]

माथिको उदाहरणमा मूल नाम वीरेन्द्र साहको १६ कोठे घर र अन्य ७५ जनाको ११ बिघा जग्गाको गुणदोष जाहेर गर्न अन्य सूचना दिइएको छ । त्यसै गरी यसभन्दा अगाडि आउने सबै क्रियापद, उपवाक्य आदिले यसैको बारेमा जानकारी थपेका छन् । नेपाली अखबारका पाठहरूमा जटिल नाम पदावलीको प्रयोग भएको पाइन्छ । तर सबै शीर्ष वाक्यमा जटिल नामपदको प्रयोग भने पाइँदैन । भाषावैज्ञानिक दृष्टिकोणले माथिको वाक्यमा प्रयोग भएको जटिल नामपद विश्लेषण गर्न नमुनाको रूपमा लिन सकिन्छ ।

संयोजकको प्रयोग गरेर वाक्यहरूको संयोजन गरियो भने तिनको एक आपसमा सम्बन्ध नजिकबाट नगाँसिने हुनाले लिड वाक्यहरूमा सरल र संयुक्त वाक्यको प्रयोग बढी भएको पाइन्छ । लिडहरूले कथाको सारलाई प्रस्तुत गर्ने हुनाले सामान्यतः यी वाक्यहरू जटिल प्रकारका हुन्छन् ।[३]

*घटना*

कुनै पनि समाचारमा एउटा घटना प्रमुख हुन्छ भने त्यसको पृष्ठभूमि तथा अन्य जानकारीका लागि अन्य घटनाहरू पनि हुन्छन् । त्यहाँ लेखकको आफ्नो मूल्याङ्कन पनि हुन्छ । अन्य कथाहरूमा जस्तो घटनाको वरिपरिका सूचनाहरूलाई पनि पाठको बीचमा वा अन्त्यमा राखिएको हुन्छ । सङ्कथनमा घटनाको महत्त्व हुन्छ । 'बसाइँ सरे ज्ञानेन्द्र' मा पूर्वराजा ज्ञानेन्द्रको बसाइसराइको साथै उनी राजा हुँदाको पृष्ठभूमि, संविधानसभाको निर्णय, पूर्वरानी कोमलको दरबार छोड्दाको अनुभूतिजस्ता सूचनालाई प्रस्तुत गरिएको छ । कहिलेकाहीँ नेपाली अखबारमा राजनीति बाहेकका विषयमा समेत मुख्य समाचारहरू लेखिए पनि २०६५ भदौमा प्रकाशित खबरहरूमा राजनीति, दैवी प्रकोपजस्ता विषय प्रमुख रहेको पाइयो । यसलाई नेपाली अखबारमा प्रकाशन हुने खबरको विशेषता नै मान्न सकिन्छ ।

*घटनाक्रम*

केही परम्परागत कथामा घटनाक्रमलाई कालक्रमअनुसार नै प्रस्तुत गर्ने गरिन्छ । सामान्यतः कुनै पात्रको बाल्यकालदेखि लिएर उसको जीवनकाललाई समयबद्ध किसिमले पेस गरिन्छ । तर समाचारहरूमा यो क्रम देखिँदैन । महत्त्वपूर्ण नतिजा तथा परिणामलाई लिडको वा शीर्ष सूचनाको रूपमा सुरुमा प्रस्तुत गरी त्यसको पृष्ठभूमि र सहायक सूचनालाई क्रमशः प्रस्तुत गरिन्छ । 'बसाइँ सरे ज्ञानेन्द्र' मा ज्ञानेन्द्रको बसाइँसराइ अन्तमा भएको घटना हो तर यो पाठको सुरुमा छ । उनको बाल्यकालको चर्चा अन्त्यमा छ जुन उनको जीवनको सुरुमा भएको घटना हो । त्यसै गरी 'विवादले काँग्रेस बैठक अवरुद्ध' मा परिणामलाई सुरुमा प्रस्तुत गरिएको छ भने त्यसको पृष्ठभूमि, कारण आदिलाई अन्त्यमा प्रस्तुत गरिएको छ (हेर्नुहोस् बक्स ३) ।

---

[३] यसका लागि थप अनुसन्धानको आवश्यकता पर्दछ । नेपाली दैनिक पत्रिकामा प्रकाशन हुने सबै लिडको वाक्य विश्लेषणले यसको बारेमा थप जानकारी दिन सक्दछ ।

**बक्स ३**

**विवादले काँग्रेस बैठक अवरुद्ध**

काठमाडौं, २३ भदौ

काँग्रेस संसदीय दल बैठक अध्यक्षताको विवादले अवरुद्ध भएको छ। सिंहदरवारस्थित संसदीय दल कार्यालयमा सोमबार अपराह्न सुरु बैठकमा वरिष्ठ नेता शेरबहादुर देउवा या जेष्ठ सदस्य कसले अध्यक्षता गर्ने भन्ने मतभेद आएपछि औपचारिक रूप लिन सकेन।

आइतबारको अध्यक्षता कसैले गरेको थिएन। तर काँग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव जीवनप्रेम श्रेष्ठले आइतबार विज्ञप्ति जारी गरी बैठकको अध्यक्षता देउवाले गर्ने उल्लेख गरेका थिए। श्रेष्ठ देउवा पक्षका हुन्।

काँग्रेस संसदीय दल विधानमा दलको नेता नचुनेको अवस्थामा जेष्ठताका आधारमा अध्यक्षता गर्ने प्रावधान छ। सभासदमध्ये पार्टी सभापति गिरिजाप्रसाद कोइराला उमेरका सबभन्दा जेठा हुन्। तर उनी दुवै दिनको बैठकमा उपस्थित भएनन्। अध्यक्षता विवादले बैठक अवरुद्ध भएपछि उनी मंगलबार उपस्थित हुने भएका छन्।

बैठकमा कोइराला उपस्थित नभएपछि विकल्पमा कसले अध्यक्षता गर्न भन्ने विवाद उत्पन्न भएको थियो। स्रोतका अनुसार महामन्त्री विमलेन्द्र निधिले पार्टीमा वरिष्ठतामा दोस्रो नेता शेरबहादुर देउवाले अध्यक्षता गर्नुपर्ने आइतबारको बैठकमा राखेको तर्क दोहोऱ्याए। सभासद नारायण खड्काले विधानमा व्यवस्था भएअनुसार जेष्ठ सदस्यले नै अध्यक्षता गर्नुपर्ने धारणा राखेका थिए। 'विधान बाहिर जान मिल्दैन' भन्ने उनको विचारमा अधिकांश सभासदले समर्थन जनाएका थिए।

दोस्रो जेष्ठ सदस्य महामन्त्री के.बी. गुरुङ सोमबारको बैठकमा उपस्थित थिए। कतिपय सभासदले समझदारीमा बैठकको अध्यक्षतामा सहमति खोज्न आग्रह पनि गरेका थिए।

'संसदमा कतिपय बैठक ७-८ दिनसम्म जानसक्छ। बैठकमा सधैं उपस्थित हुनुपर्छ।' देउवाको भनाई उद्धृत गर्दै एक सभासदले कान्तिपुरलाई भने - 'त्यसकारण खट्न सक्ने व्यक्तिलाई चुन्नु पर्छ।' उनले आफूलाई चुन्न सीधै आग्रह नगरे पनि वरिष्ठतामा आफू दोस्रो नेता भएका बताएका थिए (कान्तिपुर २०६५क)।

## *सङ्कथनका रूपमा समाचार*

वार्तालाप, बालबालिकाको वार्तालाप, साहित्यको कुनै विधाको सङ्कथन र राजनीतिक सङ्कथन जस्तै समाचारलाई पनि सङ्कथनको रूपमा लिएर यसको विश्लेषण गर्न सकिन्छ। खबर एउटा भिन्नै सङ्कथन हो र यसको छुट्टै विश्लेषण हुनसक्छ भन्ने अवधारणा नेपाली खबरको सन्दर्भमा नयाँ हुनसक्छ। भ्यान डिक (सन् १९८८बी : २) ले सञ्चार सङ्कथनलाई तिनका आफ्नै संरचनाहरूका विभिन्न तहमा व्याख्या गर्न सकिने कुरा गरेका छन्। सङ्कथनका विभिन्न एकाइहरूबीचमा अन्तर्सम्बन्ध

हुन्छ । हामी खबरको शीर्ष वाक्य अथवा शीर्षक कुनै एक किसिमले लेख्नुको कारणबारे खोजी गर्न सक्छौं । खबरहरूमा प्रयोग हुने भाषिक विशेषताहरूको पनि छुट्टै अध्ययन गर्न सकिन्छ । उदाहरणका रूपमा, नेपाली समाचारमा शीर्षक लेख्ने तरिका अन्य कुनै भाषाको भन्दा भिन्न हुन सक्छ ।

**सङ्कथन**

सङ्कथनको विश्लेषण गर्दा यसका केही आधारभूत तत्त्वहरूको चर्चा गर्नु आवश्यक हुन्छ । तीमध्ये खबरको सङ्कथन विश्लेषणका लागि आवश्यक केही तत्त्वहरूको तल चर्चा गरिन्छ :

***पाठ र सन्दर्भ***

कुनै पनि पाठको सन्दर्भ त्यो पाठ बुझ्नका लागि अति आवश्यक हुन्छ । खबरहरूमा यो स्वाभाविक रूपमा बुझिन्छ । जस्तै 'पूर्वराजाले दरबार छोडेको घटना' यो खबर लेखिँदा अत्यन्तै सान्दर्भिक थियो । समाचारमा यो अत्यन्तै आवश्यक तत्त्व हो । सन्दर्भविनाको खबर बुझ्न कठिन हुन्छ । हामीले दस वर्ष पुरानो अखबारको कुनै शीर्षक पाठकलाई पढ्न लगायौं भने त्यो बुझ्न कठिन हुन सक्छ किनभने त्यो समाचारको राजनीतिक सन्दर्भ अहिलेको सन्दर्भसँग नमिल्न सक्छ । त्यसै गरी 'विवादले काँग्रेस बैठक अवरुद्ध' शीर्षकको समाचार लेखिने बेला सान्दर्भिक थियो तर अहिले नहुन सक्छ । माथिका शीर्षकहरूले पनि यो कुरा दर्शाउँछन् ।

***शैली***

साहित्यका विधाहरूमा प्रयोग हुने शैली जस्तै समाचार लेखनको पनि आफ्नै प्रकारको शैली हुन्छ । सामान्यतः शैलीहरूको वर्णविज्ञानको उपल्लो एकाइका रूपमा रहेको हुन्छ । शैलीविज्ञानले भाषाको त्यही स्वरूपलाई जनाउँछ जसमा भाषिक र शाब्दिक छनोटहरू समेत पर्दछन् । शैली भाषाको तरिका र छनोटमा भर पर्दछ । शैलीमा सन्दर्भको महत्त्व हुन्छ । कुनै कक्षाकोठामा प्रयोग हुने भाषा र अड्डा अदालतमा प्रयोग हुने भाषामा निकै भिन्नता हुन्छ । त्यसका साथसाथै लेखकले कुनै घटनाप्रति प्रयोग गर्ने भाषा शैलीअन्तर्गत विश्लेषण गर्न सकिन्छ । शब्दहरूको चयन, कुनै घटनाप्रति समाचारको झुकाव, रिपोर्टको कुनै पक्षसँगको सामीप्य आदि एकै दिन प्रकाशित पत्रिकाहरूका खबरहरूबाट थाहा हुन्छ । भ्यान डिक (सन् १९८८बी : ७४) ले समाचारको शैलीका बारेमा निम्न कुराहरू औंल्याएका छन् :

(१) अखबारमा प्रकाशित हुने समाचारका पाठकहरू अप्रत्यक्ष रूपमा मात्र पाठहरूसँग सम्बन्धित हुन्छन् । समाचारमा पाठकहरूलाई प्राय: सम्बोधन गरिँदैन ।

(२) खबर लेख्य सङ्कथन मात्र नभएर सार्वजनिक सङ्कथन पनि हो । व्यक्तिगत चिठीहरूका जस्तो नभई समाचारका पाठकहरू धेरै हुन्छन्, कहिलेकाहीँ यसका पाठकहरू निश्चित दर्शनबाट अभिप्रेरितसमेत हुन्छन् ।

(३) कुनै एक व्यक्तिले मात्र नलेख्ने र संस्थाले समाचार लेखनको व्यवस्थापन गर्ने हुनाले समाचार लेखनको शैली अवैयक्तिक (impersonal) हुन्छ ।

(४) समाचारहरू प्राय: समाचार सङ्कथनका केही सम्भावित विषयहरूमा केन्द्रित हुन्छन् । जस्तै– राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीति, सामाजिक जीवन, प्राकृतिक प्रकोप आदि ।

(५) अखबारमा प्रयोग हुने भाषा औपचारिक, लेख्य भाषा हुन्छ ।

(६) समाचार निश्चित समयावधिभित्र लेख्नुपर्ने भएकोले यसमा प्रयोग हुने भाषा एकै किसिमको हुने गर्दछ । समाचारमा निश्चित प्रकारका वाक्यहरू अथवा वाक्य संरचनाको बढी प्रयोग हुने गर्दछ । पत्रकारहरू कस्तो शीर्षक राख्दा त्यसले पाठकलाई प्रभावित पार्नसक्छ भन्ने विषयमा सचेत हुन्छन् ।

रायमाझी र सुवेदी (सन् १९९९) ले समाचारमा प्रयोग हुने नेपाली भाषामा संस्कृत भाषाको अत्यधिक प्रयोग भएको निष्कर्ष निकालेका छन् ।

## *रेटोरिकका रूपमा खबर (News as rhetoric)*

खबरलाई रेटोरिकका रूपमा लिन सकिन्छ । अखबारमा समावेश गरिएका सबै सूचनामा विश्वसनीयता हुनुपर्दछ । पत्याउनै नसकिने खबर अखबारमा प्रकाशित भएमा त्यसलाई पाठकले स्वीकार गर्नै सक्दैनन् । त्यसकारण खबरलाई पत्यारिलो बनाउन पनि लेखकले अखबारमा केही निश्चित रणनीतिको प्रयोग गर्दछन् । विषयवस्तु प्रस्तुत गर्दा केही रणनीतिको प्रयोग आवश्यक हुन्छ, जस्तै घटनाको वास्तविकताको वर्णन गर्न, त्यसमा प्रत्यक्षदर्शीहरूको प्रयोग गर्न वा अन्य भरपर्दो स्रोतको प्रयोग गर्न, ती घटनाको व्याख्या मानिसमा आवेग आउन सक्ने गरी गर्न, गणितीय तथ्यहरूको प्रयोग गर्न, आदि । त्यसैले खबरहरूमा प्रत्यक्षदर्शीको भनाइ, सङ्ख्याको प्रयोग आदि कुराहरूलाई समेत समावेश गरिन्छ । 'बसाइँ सरे ज्ञानेन्द्र' मा समेत यी कुराहरूको प्रयोग पाइन्छ । २०६५ भदौ २७ मा प्रकाशित *कान्तिपुर* दैनिकको खबरलाई उदाहरणको रूपमा लिऊँ (हेर्नुहोस् बक्स ४) ।

**बक्स ४**

**प्रहरीको कुटाइले मृत्यु**

ललितपुर, २६ भदौ

प्रहरीले एक सर्वसाधारणलाई 'कुटीकुटी मारेको' आरोप लगाउँदै बिहिबार दिनभर प्रदर्शन गरिएपछि बालकुमारी क्षेत्र तनावग्रस्त छ। उनीहरूका अनुसार बुधबार राति बालकुमारीमा गस्तीका प्रहरीले कटारी-४, उदयपुरका ३८ वर्षीय प्रदीप खड्कालाई कुटेर मारेको दाबी गरेका छन्।

प्रहरीले दुर्घनामा मृत्यु भएको दाबी गरेपछि खड्काको शव आफन्तले बुझेका छैनन्। शव पाटन अस्पतालमा छ। टाउको, छाती, कान र जिउमा चोट छ। निर्माण व्यवसाय तथा कानुनी पेसामा संलग्न खड्का नेपाली काँग्रेसका कार्यकर्ता हुन्।

प्रत्यक्षदर्शीका अनुसार उनलाई भनेको ठाउँमा मोटरसाइकल नरोकेका कारण कुटपिट गरिएको हो। प्रत्यक्षदर्शी रघुनाथ सुवेदीका अनुसार राति सवा नौ बजे प्रदीप मोटरसाइकलमा आइरहेका बेला गस्तीमा रहेका प्रहरीले पर बाइक रोकेको भन्दै पिटेका थिए। उनलाई कुटिसकेपछि हतकडी लगाएर भ्यानमा हाली बालकुमारी प्रभागमा लगे। त्यति बेला त्यहाँ रहेका ट्राफिकले हात नछोड्नुस् भनेर सम्झाएका थिए। 'म बस हेर्न सदाझैँ हिजो राति पनि निस्केको थिएँ। त्यही भएर घटना नजिकबाट देखेँ,' ती ट्राफिकले बताए (कान्तिपुर २०६५ग)।

यो समाचारमा विश्वसनीयताका लागि केही शैलीको प्रयोग गरिएको छ। 'कुटीकुटी मारेको' आरोप पत्रकार आफैँले लगाएका छैनन्। यो आरोप सर्वसाधारणको हो। प्रत्यक्षदर्शीको भनाइ उद्धृत गरेर समाचारलाई तथ्यपूर्ण बनाउन खोजिएको छ। यसरी समाचारलाई श्रोताले स्वीकार गर्ने तरिकाले प्रस्तुत गरिएको छ। समाचारलाई विश्वसनीय बनाउनका लागि जे-जस्ता किसिमका तरिकाहरूको अवलम्बन गरिन्छ, त्यसबाट खबरलाई रेटोरिकको रूपमा प्रयोग गर्न खोजिएको छ।

## *खबरको व्याकरण*

धेरै जसो खबरमा वाक्य व्यवस्थाका केही विशेषता पाइन्छन्। सामान्यतया अङ्ग्रेजी भाषामा गरिएका अध्ययनमा समाचारमा पाइने विशेषतालाई भ्यान डिक (सन् १९८८ए : ७७) ले सरल वाक्यहरूको प्रयोगमा कमी, जटिल र संयुक्त वाक्यहरूको बढी प्रयोग, एउटै वाक्यमा धेरै विषयलाई समेट्ने तरिका, जटिल नाम पदावलीको प्रयोग आदि भनेर उल्लेख गरेका छन्। यहाँ नेपाली अखबारका

व्याकरणसम्बन्धी केही विशेषतालाई सङ्क्षेपमा चर्चा गरिन्छ। सर्वप्रथम शीर्ष वाक्यहरूमा कालको प्रयोगलाई हेरौं :

(१) उपप्रधान तथा गृहमन्त्री वामदेव गौतमको निर्देशनमा प्रहरीले बल प्रयोग गरी आइतबार साँझ खाली गराएको रामनगर, मिर्चैया-३ स्थित वीरेन्द्र साहको १६ कोठे घर र अन्य ७५ जनाको ११ बिघा जग्गा भूमिसुधार तथा व्यवस्था मन्त्री मातृका यादवको नेतृत्वमा माओवादी कार्यकर्ताले सोमबार पुनः कब्जा गरेका छन् ।[४] (अन्नपूर्ण पोष्ट २०६५घ)

(२) रक्षा मन्त्री रामबहादुर थापा 'बादल' नेतृत्वको टोली असोजको ६ गते चीन जाने भएको छ । उच्च रक्षा स्रोतका अनुसार चिनिया सरकारी निमन्त्रणामा उनी जान लागेका हुन् । (कान्तिपुर २०६५ख)

(३) काँग्रेस संसदीय दल बैठक अध्यक्षताको विवादले अवरुद्ध भएको छ । (कान्तिपुर २०६५क)

(४) प्रहरीले एक सर्वसाधारणलाई 'कुटीकुटी मारेको' आरोप लगाउँदै बिहीबार दिनभर प्रदर्शन गरिएपछि बालकुमारी क्षेत्र तनावग्रस्त छ ।[५] (कान्तिपुर २०६५ग)

(५) प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नो पहिलो राजनीतिक भ्रमण भारतमा हुने बताएका छन् । (कान्तिपुर २०६५घ)

नेपाली समाचारका अधिकांश शीर्ष वाक्य (लिड) मा पूर्ण वर्तमान कालको प्रयोग भएको पाइन्छ भने केहीमा सामान्य वर्तमानकालको प्रयोग भएको पाइन्छ । शीर्षक भूतकालमा भएको 'बसाइँ सरे ज्ञानेन्द्र' मा समेत पहिलो वाक्य पूर्णवर्तमान कालमा दिइएको छ; जस्तै 'पूर्वराजा ज्ञानेन्द्र बुधबार साँझ साढे आठ बजे नारायणहिटी दरबार छोडेर पत्नी कोमलका साथ नागार्जुन बङ्गलामा सरेका छन् ।' एउटा रमाइलो पक्ष के देखिन्छ भने हरेक भाषामा खबर लेख्दा प्रयोग गर्ने कालका आफ्नै नियम हुँदा रहेछन् । जस्तै 'बसाइँ सरे ज्ञानेन्द्र' भूतकालमा छ तर त्यही खबरलाई अङ्ग्रेजी भाषामा प्रकाशित हुने पत्रिकाहरूले 'बसाइँ सर्छन् ज्ञानेन्द्र' भनेर वर्तमान कालमा लेखेका छन् । यो तरिका प्रायः सधैं दोहोरिन्छ ।

---

[४] यो वाक्यलाई १६ सेप्टेम्बर २००८ को *द हिमालयन टाइम्स*मा भूतकालको प्रयोग गरी लेखिएको छ ।

[५] यो वाक्यलाई पनि १२ सेप्टेम्बरको *द हिमालयन टाइम्स*मा भूतकालमा राखिएको छ ।

(६) क [उपप्रधान तथा गृहमन्त्री वामदेव गौतमको निर्देशनमा]
ख [प्रहरीले]
{{ग [बल प्रयोग गरी] }
{ घ [आइतबार साँझै]}}
ङ [खाली गराएको]
च [रामनगर मिर्चैया-३ स्थित]
छ [[वीरेन्द्र साहको १६ कोठे घर] र [अन्य ७५ जनाको ११ बिघा जग्गा]]

माथिको उदाहरणमा जस्तै नेपाली अखबारमा जटिल नामपदको प्रयोग भएको पाइन्छ। एउटै नामको गुणदोष जाहेर गर्ने नाम पदावलीका विभिन्न घटकहरू सँगसँगै आउँछन्। उदाहरण ६ मा दिइएको पहिलो वाक्यमा जस्तै जटिल नाम पदावलीको प्रयोग पनि नेपाली अखबारमा पाइने वाक्यव्यवस्थाको विशेषता हो। विषयवस्तुको जटिलतासँगै वाक्यहरू वा नाम पदावलीहरू जटिल हुँदै जाने पनि देखिन्छ। साथै, नेपाली अखबारमा सरल वाक्यको प्रयोग पनि पाइन्छ।

छोटा अनुच्छेदको प्रयोग यिनको अर्को विशेषता हो। नमुना पाठहरूमा तीनदेखि चारओटासम्म वाक्यका प्रयोग भएका अनुच्छेदहरू पाइए। केहीमा मात्र प्रत्यक्ष कथनको प्रयोग भएको पाइयो। अन्य खबरहरूमा जस्तै पाठकबारे केही पूर्वानुमान गरेको पाइयो। उदाहरणका लागि नारायणहिटी भन्नाले तत्कालीन राजाहरूको निवास भन्ने कुरा पाठकहरूले जानेको अनुमान खबरमा गरेको पाइयो। नेपाली भाषामा प्रकाशित हुने सबै अखबारमा यस्तो अनुमान गरिएको पाइन्छ। त्यसैले यस्ता सूचनाहरूलाई समाचारमा समावेश गरिँदैन। त्यसै गरी बोलचालमा प्रयोग गरिने सङ्कथन सूचकहरू जस्तै नि, ल, आदि निपातहरूको कम प्रयोग भएको पाइन्छ।

## निष्कर्ष

नेपाली अखबारमा प्रकाशित पाठहरूको सङ्कथन विश्लेषणका आधारमा केही निष्कर्ष निकाल्न सकिन्छ : (क) नेपाली पाठहरूको निश्चित प्रकारको संरचना हुन्छ। समाचारका धेरैजसो शीर्षकमा प्रायः नाम पदावलीको प्रयोग भएको हुन्छ। केही शीर्षक भने असमापक उपवाक्य र वाक्य पनि हुन्छन्। (ख) शीर्षकहरूले पाठको सारांशको काम गरेका हुन्छन्। तिनमा प्रायः भूतकालको प्रयोग भएको हुन्छ। (ग) अधिकांश पाठहरूको पहिलो वाक्य सरल हुन्छ।

(घ) अनुच्छेदहरू छोटा र ४-५ वाक्यले बनेका हुन्छन्। हरेक अनुच्छेदले कुनै पाठका विभिन्न सूचनाको एउटा प्रतिज्ञप्तिको प्रतिनिधित्व गरेको हुन्छ। (ङ) समाचारको लिड वाक्यमा पूर्णवर्तमान कालको प्रयोग भएको हुन्छ। यसले खबरलाई बढी विश्वसनीय र भरपर्दो बनाउँछ। औपचारिक भाषाको प्रयोग नेपाली समाचारको अर्को विशेषता हो। खबरहरू पाठक तथा श्रोताले पत्याउनु पर्ने भएकाले तिनमा प्रत्यक्ष कथनको प्रयोग, सङ्ख्याहरूको प्रयोग, प्रत्यक्षदर्शीको भनाइ जस्ता नियमहरूको प्रयोग भएको हुन्छ। नेपाली अखबारका भाषामा खोतल्न यस्ता थुप्रै लायक विषय हुन सक्छन्।

**धन्यवाद**

यो लेख तयारीका क्रममा विभिन्न मस्यौदा पढी परिमार्जनका लागि सुझाव दिनुहुने प्रत्यूष वन्त, शेखर पराजुली र माधव पोखरेललाई हार्दिक धन्यवाद छ। साथै, पाण्डुलिपि सम्पादन गरिदिनुहुने शरच्चन्द्र वस्तीलाई पनि धन्यवाद छ।

## सन्दर्भ सामग्री

अन्नपूर्ण पोष्ट। २०६५क। बसाइँ सरे ज्ञानेन्द्र। ३० जेठ, पृ. १।
अन्नपूर्ण पोष्ट। २०६५ख। पाँच जना अभियुक्त पक्राउ। २३ भदौ, पृ. १।
अन्नपूर्ण पोष्ट। २०६५ग। कोशी पीडितका नाममा राजनीति। १६ भदौ, पृ. १।
अन्नपूर्ण पोष्ट। २०६५घ। भूमिसुधार मन्त्री यादवकै नेतृत्वमा जग्गा कब्जा। ३१ भदौ, पृ. १।
अन्नपूर्ण पोष्ट। २०६५ङ। नयाँपन छैन। २७ भदौ, पृ. १।
अन्नपूर्ण पोष्ट। २०६५च। प्रधानमन्त्री प्रचण्ड बेइजिङमा। ८ भदौ, पृ. १।
कान्तिपुर। २०६५क। विवादले काँग्रेस बैठक अवरुद्ध। २४ भदौ, पृ. १।
कान्तिपुर। २०६५ख। रक्षामन्त्री चीन जाने। २७ भदौ, पृ. १।
कान्तिपुर। २०६५ग। प्रहरीको कुटाइले मृत्यु। २७ भदौ, पृ. १।
कान्तिपुर। २०६५घ। पहिलो राजनीतिक भ्रमण भारतमा। १२ भदौ, पृ. १।

Bekalu, Mesfin Awoke. 2006. Presupposition in News Discourse. *Discourse and Society* 17(2): 147-172.
Bell, Allan. 1991. *The Language of News Media*. Oxford: Blackwell Publishers.
Crystal, D. 1985. *A Dictionary of Linguistics and Phonetics*. Oxford: Blackwell Publishers.

Dhakal, Dubi Nanda. 2008. A Discourse Analysis of Nepali Newspaper Texts. Unpublished report, Martin Chautari.

Dor, Daniel. 2003. On Newspaper Headliners as Relevance Optimizer. *Journal of Pragmatics* 35: 695-721.

Grimes, Joseph E. 1975. *The Thread of Discourse*. The Hague: Mouton.

Mey, Jacob L. 1993. *Pragmatics: An Introduction*. Oxford: Blackwell Publishers.

Paudel, Krishna. 2007. Headlines in Nepali Newspaper: A Linguistic Analysis. Master's Degree Thesis, Central Department of Linguistics, TU.

Rayamajhi, Sangita and Bindu Subedi. 1999. *Use of Language in the Nepali Press*. Kathmandu: Across Publication.

Van Dijk, Teun A. 1988a. *News as Discourse*. New Jersey and London: Lawrence Erlbaum Associates Publishers.

Van Dijk, Teun A. 1988b. *News Analysis: Case Studies of International and National News in the Press*. New Jeresey and London: Lawrence Erlbaum Associates Publishers.